# शिवालय गाउँपालिका
Shivalaya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिमा, जाजरकोट
Sima, Jajarkot

पत्र संख्या Reference No. : ०८३/०८४ प्रशासन
चलानी नम्बर Dispatch No. :

कर्णाली प्रदेश, नेपाल
karnali province, nepal

मिति : २०८३।०४।२७

**विषयः दररेट पेश गर्ने सम्बन्धी सूचना ।**

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०४।२७**

आर्थिक वर्ष २०८३/०८४ मा शिवालय गाउँपालिकाको कार्यालय तथा मातहतका शाखाहरूमा आवश्यक पर्ने पेट्रोल तथा डिजेल इन्धन आपूर्तिका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम योग्य तथा इजाजतप्राप्त इन्धन विक्रेताहरूबाट देहायका शर्तहरूको अधीनमा रही प्रति लिटर खुद्रा बिक्री दररेट सिलबन्दी गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**१. दररेट पेश गर्ने अन्तिम मिति**

सूचना प्रकाशित भएको मितिले ३ (सात) दिनभित्र कार्यालय समयभित्र दररेट तथा आवश्यक कागजात पेश गर्नुपर्नेछ।

**२. प्रस्ताव स्वीकृत गर्ने आधार**

(क) तोकिएका सम्पूर्ण योग्यता, शर्त तथा आवश्यक कागजात पूरा गरी सबैभन्दा कम दररेट पेश गर्ने योग्य प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

(ख) छनोट भएको प्रस्ताव दातासँग आर्थिक वर्ष २०८३/०८४ का लागि सम्झौता गरी आवश्यकता अनुसार पेट्रोल तथा डिजेल आपूर्ति गराइनेछ।

**३. दररेट सम्बन्धी विशेष व्यवस्था**

(क) प्रस्तावित दररेट नेपाल आयल निगमले शिवालय क्षेत्रका लागि तोकेको खुद्रा बिक्री मूल्य भन्दा बढी हुन पाउने छैन।

(ख) यदि शिवालय क्षेत्रका लागि छुट्टै खुद्रा बिक्री मूल्य निर्धारण नभएको अवस्थामा नेपाल आयल निगमले सबैभन्दा नजिकको बिक्री केन्द्रका लागि तोकेको खुद्रा मूल्यमा शिवालय सम्म इन्धन ढुवानी गर्दा लाग्ने वास्तविक ढुवानी खर्च मात्र थप गरी दररेट पेश गर्नुपर्नेछ।

प्रस्तावित दररेट बुद्धा नम्बर ३ को (क) वा (ख) बमोजिम गणना भएको अधिकतम दरभन्दा बढी भएमा त्यस्तो प्रस्ताव स्वतः अस्वीकृत गरिनेछ।

Website: www.shibalayamun.gov.np, Email: shibalayamun@gmail.com
Contact: 9858084522,089-594600
व्यावसायिक र सिर्जनशील प्रशासन: विकास समृद्धि र सुशासन

प्रमुख प्रशासकीय अधिकृत

(ग) नेपाल आयल निगमले इन्धनको खुद्रा बिक्री मूल्यमा परिवर्तन गरेमा सोही अनुसार सम्झौता मूल्य स्वतः समायोजन हुनेछ।

**४. इन्धन आपूर्ति सम्बन्धी व्यवस्था**

(१) गाउँपालिकाले PAMS V2 प्रणालीबाट जारी गरेको इन्धन कुपन को आधारमा मात्र इन्धन उपलब्ध गराउनुपर्नेछ।

(२) PAMS V2 बाट जारी भएको इन्धन कुपन बिना आपूर्ति गरिएको इन्धनको कुनै पनि भुक्तानी दावी स्वीकार गरिने छैन।

(३) प्रत्येक आपूर्तिपछि सम्बन्धित कुपन, बिल तथा आवश्यक विवरण कार्यालयमा पेश गर्नुपर्नेछ।

**५. भुक्तानी सम्बन्धी व्यवस्था**

(१) आपूर्ति भएको इन्धनको भुक्तानी मासिक रूपमा गरिनेछ।

(२) कार्यालयको आवश्यकता, बजेट उपलब्धता वा प्रशासनिक कारणले मासिक अवधिभन्दा अगावै समेत भुक्तानी गर्न सक्नेछ।

(३) भुक्तानीका लागि निवेदन,कार्यालयबाट जारी कुपन र बिल अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

**६. प्रस्ताव सँग संलग्न गर्नुपर्ने कागजात**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२. आर्थिक वर्ष २०८२/८३ को व्यवसाय नवीकरण प्रमाणपत्र।

३. PAN तथा VAT दर्ता प्रमाणपत्र।

४. कर चुक्ता प्रमाणपत्र वा म्याद थप सम्बन्धी प्रमाण।

५. नेपाल आयल निगमबाट इन्धन बिक्री वितरण गर्न प्राप्त इजाजतपत्र/स्वीकृतिपत्रको प्रतिलिपि।

६. हस्ताक्षर तथा छाप सहितको प्रति लिटर पेट्रोल तथा डिजेलको दररेट विवरण।

७. प्रस्तावदाताको सम्पर्क ठेगाना, फोन नम्बर तथा इमेल (भएमा)।

**७. सम्झौता सम्बन्धी व्यवस्था**

(क) सम्झौता अवधिभर कार्यालयको माग अनुसार आवश्यक परिमाणमा इन्धन उपलब्ध गराउनुपर्नेछ।

प्रमुख प्रशासकीय अधि



CamScanner

शिवालय गाउँपालिका
Shivalaya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिमा, जाजरकोट
Sima, Jajarkot
कर्णाली प्रदेश, नेपाल
karnali province, nepal

पत्र संख्या Reference No. : ०८३/०८४ प्रशासन
चलानी नम्बर Dispatch No. :

(ख) गुणस्तरहीन, कम परिमाण वा सम्झौता विपरीत इन्धन आपूर्ति गरेमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ तथा सम्झौता रद्द गर्न सकिनेछ।

(ग) सम्झौताका अन्य शर्तहरू सम्झौतापत्रमा उल्लेख भएबमोजिम हुनेछन्।

८. अन्य व्यवस्था

(क) कार्यालयले कुनै पनि वा सबै प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने अधिकार कार्यालय संग रहनेछ।

(ख) यस सूचनामा उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

..................
गोपाल शाही
प्रमुख प्रशासकीय अधिकृत